# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल र भारतीय रिजर्व बैंकका गभर्नर डा. राजनबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपाल र भारतीय रिजर्व बैंकका गभर्नर डा. रघुराम जी. राजनबीच ११ जुन २०१५ का दिन बंगलादेशको ढाकामा भेटवार्ता सम्पन्न भयो । SAARCFINANCE Group Meeting, SAARCFINANCE Governors' Symposium र Asian Clearing Union (ACU) को Board Meeting मा भाग लिने क्रममा उहाँहरू बंगलादेश भ्रमणमा रहनु हुँदा भएको सो बैठकमा द्विपक्षीय सहयोग र आपसी हितका विषयमा छलफल भएको थियो । सोही क्रममा गभर्नर डा. नेपालले नेपालको भारतसँग आर्थिक, वित्तीय, मौद्रिक, विदेशी विनिमयका क्षेत्रमा अत्यन्त नजिकको सम्बन्ध रहिआएको उल्लेख गर्दै पुँजी खाता परिवर्त्यताका सम्बन्धमा भारतले लिने कदम, व्यापारमा हुने भुक्तानी र भन्सार विन्दुमा समय समयमा हुने असहजतालाई समाधान गर्न एवम् अन्य विविध कार्यहरूमा समन्वय र सहयोग आदान प्रदान गर्न प्राविधिकस्तरमा एक कार्यदल बनाउन उपयुक्त हुने धारणा राख्नु भएकोमा गभर्नर डा. राजनले त्यसलाई सकारात्मक रूपमा लिँदै दुवै बैंकहरूबीच पत्राचारका माध्यमबाट यसको स्वरूप र कार्य क्षेत्रबारे अन्तिम रूप दिन उपयुक्त हुने विचार व्यक्त गर्नुभयो ।

त्यसै गरी गभर्नर डा. नेपालले भारतमा रहेका नेपाली कामदार/विद्यार्थीहरूले भारतीय बैंकहरूमा खाता खोल्न आवश्यक पर्ने परिचयपत्रका सन्दर्भमा लचकता भएमा भारतीय रुपैयाँको औपचारिक कारोबारमा सहजता आउने भएकोले यस सम्बन्धमा वैकल्पिक व्यवस्था गर्न राख्नु भएको प्रस्तावप्रति गभर्नर डा. राजनबाट यसलाई मूर्तरूप दिन थप छलफल आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । साथै, भारतीय रूपैयाँ १०० दरका नोट सरह रु. ५०० र रु.१००० दरका नोट पनि भारतीय रिजर्भ बैंकमा रहेको खातामा जम्मा गर्न सकिने व्यवस्थाका लागि गभर्नर डा. नेपालले गर्नु भएको आग्रह गभर्नर डा. राजनले तत्काल स्वीकार गर्नु भए अनुसार सो व्यवस्था कार्यान्वयन समेत भइसकेको छ ।

सोही भेटवार्तामा गभर्नर डा. नेपालले नेपाली कामदारले औपचारिक माध्यमबाट भारतबाट नेपाल पठाउने भारतीय रुपैयाको रेमिट्यान्स कारोबारमा सहजताको लागि भारतमा नेपाली रेमिट्यान्स कम्पनीहरूको उपस्थिति भएमा थप सहयोग पुग्ने धारणा राख्नुभयो । यस सम्बन्धमा नेपाल भित्रिने विप्रेषणलाई पनि आन्तरिक विप्रेषण सरह मान्यता दिने, विप्रेषण कारोबारको सीमा बढाउने जस्ता विकल्पहरूमा समेत छलफल भएको थियो ।

भेटघाटका अवसरमा भारतीय पक्ष Financial Journalism विकासका लागि नेपाललाई सहयोग गर्न समेत सकारात्मक रहेको जानकारी गभर्नर डा. राजनले दिनु भयो । २०७२ वैशाख १२ र २९ गते गएको भूकम्पबाट दिवंगत हुने महानुभावहरूप्रति हार्दिक समवेदना प्रकट गर्दै सो भूकम्पबाट भएको जनधनको क्षतिप्रति गभर्नर डा. राजनले दुःख व्यक्त गर्नुभयो । यस दुखद् घडीमा भारत सरकारबाट भएको सहयोगको लागि गभर्नर डा. नेपालले धन्यवाद व्यक्त गर्नुभयो ।

सो भेटवार्ताका अवसरमा गभर्नर डा. नेपालका साथ का.मु. कार्यकारी निर्देशक श्री भिष्मराज ढुंगाना र निर्देशक श्री राजेन्द्र पण्डित तथा भारतीय रिजर्व बैंकका गभर्नरका साथ डेपुटी

गभर्नर श्री एच.आर. खान र Executive Secretary श्री विवेक अग्रवालको पनि उपस्थिति रहेको थियो ।

## गभर्नर डा. नेपाल र बंगलादेश बैंकका गभर्नर डा. रहमानबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपाल र बंगलादेश बैंकका गभर्नर डा. अतिउर रहमानबीच जुन १२ का दिन ढाकामा द्विपक्षीय भेटघाट भयो । सो अवसरमा बंगलादेशले अन्तर्राष्ट्रिय मुद्राकोषबाट लिएको Rapid Credit Facility (RCF) र Extended Credit Facility (ECF) सुविधा सम्बन्धी अनुभव आदानप्रदान भयो । सोही क्रममा नेपाल र बंगलादेशबीच द्वैपक्षीय व्यापार र विदेशी विनिमयका सन्दर्भमा मिलेर कार्य गर्ने सम्भावनाका सम्बन्धमा समेत छलफल भयो । नेपालले Alliance for Financial Inclusion (AFI) को सदस्यता लिने सम्बन्धमा बंगलादेश बैंकको सहयोग रहने समेत गभर्नर डा. रहमानले बताउनु भयो । भेटवार्ताका क्रममा २०७२ वैशाख १२ र २९ गते गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गभर्नर डा. रहमानले दु:ख व्यक्त गर्नुभयो । यस दुखद् घडीमा बंगलादेश सरकार र गभर्नर डा. रहमानले गर्नु भएको सहयोगप्रति गभर्नर डा. नेपालले धन्यवाद व्यक्त गर्नुभयो ।

**२०७२ असार १, मंगलबार**

**गभर्नरको कार्यालय**